# बलेफी गाउँपालिका
## Balephi Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive
बलेफी, सिन्धुपाल्चोक / Balephi, Sindhupalchowk
बागमती प्रदेश, नेपाल / Bagmati Province, Nepal


पत्र संख्या (F/Y):
चलानी नम्बर (Ref. No.):

मिति (Date):...........................

**विषय: किसान सूचीकरणको लागि आवश्यक सहजकर्ता छनौट गर्ने आवेदन सम्बन्धमा।**

**(प्रथम पटक प्रकाशित मितिः २०७९/०६/२७)**

यस गाउँपालिकाको चालु आ.व. २०७९/८० को स्वीकृत संघीय सशर्त तर्फको बार्षिक कार्यक्रमहरू मध्ये किसान सूचीकरण कार्यक्रम अन्तर्गत यस गाउँपालिकाको वडा नं ३,४,५,६,७ र ८ मा रहेका किसानहरु सूचीकरणको लागि किसान परिवारको वैयक्तिक तथा कृषि तथ्याङ्क संकलन गर्नुपर्ने भएकाले उल्लेखित वडाहरुमा रहेका कम्तीमा १२ कक्षा उत्तीर्ण गरेका, इन्टरनेट चलाउन सक्ने, एन्ड्रोइड वा स्मार्ट फोन वा ट्यावलेट वा ल्यापटप भएका युवा वा स्थानीय शिक्षकहरु मध्येबाट सहजकर्ता छनौट गर्नुपर्ने भएको हुँदा इच्छुक सम्वन्धित व्यक्तिहरुले देहायका शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशन भएको मितिले १५ दिन (२०७९/०७/१०) भित्र यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

तपशिल

१. सहजकर्ता प्रत्येक वडामा ४/४ जनाका दरले छनौट गरिने छ ।
२. छनौट भएका सहजकर्ताहरुले तोकिएका घरधुरीहरुको सूचना संकलन गरे वापत प्रति घरधुरी रू.७५/- (पचहत्तर रुपैयाँ मात्र)का दरले पारिश्रमिक प्राप्त गर्ने छन् ।
३. निवेदन साथ नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, २ प्रति पासपोर्ट साइजको फोटो, व्यक्तिगत बायोडाटा र वडा कार्यालयको सिफारिस पत्र समेत संलग्न गर्नु पर्नेछ ।
४. थप जानकारीको लागि यस कार्यालयको कृषि विकास शाखामा कार्यरत देहायका सम्पर्क नं रहेका कर्मचारीसँग सम्पर्क राख्न सकिने छ ।

   सम्पर्क नं ९८६६०६१४२१- प्रवेश आचार्य
   ९८४१९२४०६४- प्रतिमा न्यौपाने

...........................
प्रवेश आचार्य
कृषि विकास शाखा प्रमुख

...........................
देवीलाल सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

देवीलाल सापकोटा
प्रमुख प्रशासकिय अधिकृत